


राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

वर्ष-१२ । । अङ्क : १०९ ॥ २०७७ श्रावण २९ बिहिबार (13th Aug. 2020, Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नाम:** राष्ट्रिय बाणिज्य बैंक
**शाखा:** सिंहदरबार परिसर
**खाताको नाम:** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.** १९६००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# झापामा पालिकास्तरमा आइसोलेसन सेन्टर



गौरादहको आइसोलेसन सेन्टर

***झापा (प्रस) ।*** अस्पतालमा रहेका आइसोलेसन सेन्टरमा कोरोना संक्रमितहरु राख्ने ठाउँ नभएपछि झापाका स्थानीय तहहरुले आआफ्नो पालिकामा धमाधम आइसोलेसन सेन्टरको व्यवस्था गर्न थालेका छन् । जिल्लाको मेचीनगर, गौरादह र अर्जुनधारा नगरपालिकाले आफ्नै क्षेत्रमा आइसोलेसन सेन्टरको व्यवस्था गरेका हुन् । पहिलोपटक मेचीनगर नगरपालिकाले आइसोलेसन सेन्टरको व्यवस्था गरेको हो । मेचीनगर नगरपालिकाको वडा नं १३ मा ३२ बेडको मिनी आइसोलेसन सेन्टरको व्यवस्था गरिएको नगरपालिकाका सामाजिक विकास शाखाका प्रमुख नवीन बरालले बताए । अहिले त्यस आइसोलेसन सेन्टरमा ८ जना संक्रमित रहेका छन् । 'विराटनगर , धरान , भद्रपुरलगायतका अस्पतालका आइसोलेसन सेन्टरमा ठाउँ नभएको अबस्थामा आफ्नै आइसोलेसन सेन्टर नबनाएको भए निकै समस्या पर्थ्यो' बरालले भने,' त्यसलाई विचार गरेर बेलैमा बनायौं समस्या भएन ।' मेचीनगरकै आइसोलेसन सेन्टरमा बिर्तामोडका एकजना संक्रमितलाई पनि राखिएको छ । मेचीनगरमा समुदाय र क्वारेन्टाइनमा बसेका गरी एक सयजनामा संक्रमण पुष्टि भइसकेको छ ।

त्यस्तै गौरादह नगरपालिकाले पनि ५० बेडको आइसोलेसन सेन्टर निर्माण गर्दैछ । जुरोपानी स्वास्थ्य चौकीको नयाँ भवनमा ३० बेडको आइसोलेसन सेन्टर तयारी गरिसकेको गौरादह नगरपालिकाले स्कूलचौन हेल्थपोष्टमा थप २० बेडको आइसोलेसन सेन्टर खोल्न लागेको जनाएको छ। जुरोपानी स्वास्थ्य चौकीको आइसोलेसन सेन्टरमा गौरादहका पाँचजना कोरोना संक्रमित रहेका छन् । ' अस्पताल खाली नभएको अबस्थामा हामीले होल्डिङ आइसोलेसन सेन्टर बनाएका हौं' नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेम ओझाले भने , 'अस्पताल खाली नहुन्जेल संक्रमितहरुलाई यहीँ राख्छौं ।' उनले आइसोलेसन सेन्टरमा खाने बस्नेसँगै संक्रमितहरुलाई हेरचाह गर्ने स्वास्थ्यकर्मीको समेत व्यवस्था गरिएको जानकारी दिए । त्यसैगरी गौरादह नगरपालिकाले विद्यालयमा रहेका क्वारेन्टाइनहरुलाई सार्ने तयारी गरेको छ ।अहिले ६ वटा विद्यालयमा क्वारेन्टाइन राखिएको छ । ती क्वारेन्टाइनलाई सारेर विद्यालय खाली गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत ओझाले बताए । ' हामी विद्यालयमा रहेका सबै क्वारेन्टाइन सार्दैछौं ' उनले भने,' सारेर महारानीझोडाको नमूना कृषि पाहुना घर र गौरादह ७ को सामुदायिक भवनमा सय बेडको क्वारेन्टाइन राख्दैछौं ।'

त्यसैगरी अर्जुनधारा नगरपालिकाले पनि वडा नं ४ मा रहेको स्वास्थ्य चौकीमा आइसोलेसन सेन्टरको व्यवस्था गर्न लागेको जनाएको छ । त्यहाँ १४ बेडको आइसोलेसन बनाउन लागिएको नगर प्रमुख हरि रानाले बताए । उनले भदौ १५ भित्र विद्यालयमा रहेका सबै क्वारेन्टाइनहरुलाई हटाउने कार्य शुरु गरिएको पनि जानकारी दिए । कोरोना संक्रमित बढ्दै गएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमितलाई ' होम आइसोलेसन' मा राख्ने अवधारणा अघि सारेको छ। संक्रमितको संख्यालाई क्षमताले नधान्ने भएसँगै मन्त्रालयले ' होम आइसोलेसन'मै संक्रमित राख्ने तयारी गरेको हो । होम आइसोलेसनको अवधारणा आइसकेको अबस्थामा पालिकास्तरमा आइसोलेसन खोल्न अति आबश्यक भइसकेको जिल्ला स्वास्थ्य कार्यालयका फोकल पर्सन जीवन चौलागाईले बताए ।उनले जिल्लाका १५ वटै पालिकाहरुलाई आआफ्नो आइसोलेसन सेन्टरको व्यवस्था गर्न लगाउने गरी निर्णय गर्न लागेको जानकारी दिए । 'अस्पतालमा ठाउँ छैन' उनले भने ,' अब आफ्नो विरामी आफै राख्ने हो ।'

# समुदायका थप ४ सहित थपिए ७ संक्रमित




***झापा (प्रस) ।*** समुदायका चार र क्वारेन्टाइनमा बसेका ३ गरी झापामा बुधबार सात जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

मेचीनगर नगरपालिकामा एक चिकित्सकसहित समुदायका चार जनामा कोरोना संक्रमण पुष्टि भएको हो । केही दिन अघि मेचीनगर नगरपालिका वडा नं.१० धुलावारी बजारका १५ वर्षीय युवामा कोरोना संक्रमण पुष्टि भएसँगै समुदायस्तरमा कोरोना संक्रमण फैलिएको आशंका गरिएको थियो । त्यसलगत्तै संक्रमित युवाका परिवारसहित उनीसंग सम्पर्कमा आएका र अन्य शंकाष्पद ब्यक्तिहरुको कन्ट्याक्ट ट्रेसिङ गरी पिसिआर परीक्षणका लागि १ सय २ जनाको थ्रोड स्वावको नमूना संकलन गरिएको थियो । मेचीनगर नगरपालिकाको स्वास्थ्य शाखाले समुदायस्तरमा शनिवार नमूना संकलन गरी परीक्षणका लागि वीपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा पठाएको थियो । तीमध्ये मेचीनगर १० स्थित आम्दा मेची अस्पताल धुलावारीमा कार्यरत एक चिकित्सकसहित चारजनामा कोरोनाको संक्रमण फेला परेको सामाजिक विकास समिति संयोजक नवीन बरालले जानकारी दिए। उनका अनुसार मेचीनगर नगरपालिका वडा नं.७ का एक पुरुषमा पनि कोरोना संक्रमण देखिएको छ । उनी नेपाल प्रहरीमा कार्यरत सुरक्षाकर्मी हुन् । अख्तियार अनुसन्धान आयोग कंचनपुरमा कार्यरत ती प्रहरी घर आएका थिए । त्यसैगरी यसअघि संक्रमित देखिएका मेचीनगर नगरपालिका वडा नं.१० का १५ वर्षीय किशोरका परिवारका दुईजनामा संक्रमण देखिएको छ । संक्रमितको परिवारका एक १३ वर्षिय बालक र अर्का महिला गरी दुई जनामा थप संक्रमण पुष्टि भएको छ । संक्रमितहरुलाई मेचीनगरको आइसोलेसन सेन्टर धाइजन लगिएको छ। त्यस्तै भद्रपुर नगरपालिकाका तीन जनामा बुधबार संक्रमण पुष्टि भएको छ। वडा नं १, ४ र ८ का पुरुषहरु कलवलगुडी क्वारेन्टाइनमा बसेका थिए । संक्रमितहरु दुईजना साउदी अरब र एकजना भारतबाट फर्केका थिए । योसँगै जिल्लामा कोरोना संक्रमितको सँख्या ४१८ पुगेको छ । त्यसमध्ये ३५५ जना निको भएर घर फर्किएका छन् ।

# मेचीनगरमा एक सातालाई लकडाउन



***मेचीनगर (प्रस) ।*** मेचीनगर नगरपालिकाले बुधबार राति १२ बजेदेखि भदौ ३ गतेसम्मका लागि लकडाउन गरेको छ ।

मेचीनगर नगरपालिकामा कोरोनाको संक्रमण समुदायमा फैलिन थालेपछि संक्रमण रोग ऐन २०२० को दफा २ अनुसार एक हप्तालाई लकडाउन गर्ने निर्णय गरिएको नगर प्रमुख विमल आचार्यले बताए ।

लकडाउनमा बिहीबारदेखि दूध डेरी, सागसब्जी र खाद्यान्नका पसलहरु बिहान ८ देखि १० बजे सम्ममात्र खोल्न पाउने गरी निर्णय भएको छ ।उद्योग, व्यापार, कलकारखाना, होटल, शैक्षिक संस्था पूर्णरुपमा बन्द गर्नुपर्ने निर्णय भएको नगरप्रमुख आचार्यले बताए । औषधि पसल लगायत स्वास्थ्य सेवा नियमित सञ्चालन हुनेछन् । क्वारेन्टाइनको सञ्चालन र व्यवस्थापनलाई निरन्तरता दिनुपर्ने, पिसिआर परीक्षणको दायरा फराकिलो बनाउने लगायतका निर्णय भएको उपप्रमुख मिना पोखरेल उप्रेतीले बताइन् । त्यस्तै बुधबार राति १२ बजेदेखि निजी तथा सार्वजनिक सवारी साधन पूर्णरुपमा बन्द गरिएको छ। अत्यावश्यक काममा नगरपालिकाले दिएको पासमा मात्र सवारी साधन चलाउन पाइनेछ । सामाजिक दुरी कायम गरेर कृषि कार्य गर्न पाइनेछ भने धार्मिक, सांस्कृतिक तथा मृत्यु संस्कारमा भीडभाड नगर्ने र मलामी २५ जना भन्दाबढी सहभागी हुन नपाइने भएको छ । यातायातको हकमा नगरभित्र अत्यावश्यक मालबाहक सवारी साधन बाहेक पासको व्यवस्था गरिएको छ । वित्तीय संस्थाहरु सरकारले तोकेको मापदण्ड अनुसार सञ्चालन गर्न पाइने जनाइएको छ ।

**आम्दा मेची अस्पताल बन्द**

मेचीनगर १० स्थित आम्दा मेची अस्पतालको सवै सेवा बुधबारदेखि बन्द गरिएको छ । अस्पतालमा कार्यरत एकजना चिकित्सकमा कोरोना संक्रमण फेला परेपछि उपचारका सवै सेवा बन्द गरिएको हो । हाल ती चिकित्सकलाई व्यवस्थितरुपमा अस्पतालकै अलग कोठामा राखिएको छ ।

नगरपालिकाले विगत १० दिनअघिदेखि आम्दा अस्पतालमा पुगेर उपचार गराउनेहरुको पहिचान गरी पिसिआर परीक्षणका लागि नमूना संकलन गर्ने बताईएको छ ।

# बाह्रदशी गाउँपालिकाको बजेट सार्वजनिक



***राजगढ (प्रस) ।*** बाह्रदशी गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८को वजेट , नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। असार १० गते शुरु भएर ३० गते सम्पन्न सातौ गाउँसभाबाट पारित बजेट , नीति तथा कार्यक्रम बुधबार सार्वजनिक गरिएको हो । गाउँपालिकाले चालु आर्थिक वर्षका लागि ५० करोड ३७ लाख ६ हजार ८८७ रुपैयाँको बजेट सार्वजनिक गरेको हो । जसमा चालु खर्चतर्फ ५ करोड ६९ लाख ५३ हजार ७ सय , आर्थिक विकासतर्फ २ करोड ८७ लाख , संस्थागत तथा क्षमता विकासतर्फ ४३ लाख , सामाजिक विकासतर्फ ४ करोड १६ लाख ७७ हजार ८ सय , वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ २३ लाख ५० हजार , भौतिक पूर्वाधारतर्फ १० करोड २४ लाख ६५ हजार ६६७ , सशर्त अनुदानतर्फ १७ करोड ४८ लाख र ७ वटा वडालाई ९ करोड २४ लाख ५९ हजार ७२० रुपैयाँ बजेट विनियोजन गरिएको छ । गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीको अध्यक्षतामा भएको कार्यक्रमलाई प्रदेश सांसद पूर्णसिंह राजवंशीले उद्घाटन गरेका थिए । कार्यक्रममा संविधानसभा सदस्य हरि राजवंशी, जिल्ला समन्वय समितिका सदस्य महेशलाल राजवंशी , रेडक्रसकर्मी दयानन्द गोस्वामी, नेपाली कांग्रेसका ओमप्रकाश गौतम , गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत ज्ञानबहादुर पौडेल, योजना अधिकृत तेजप्रसाद रेग्मी , कृषि शाखा प्रमुख प्रेमप्रसाद पौडेल , बाह्रदशी महिला मूल समितिका रेनुका भूर्तेललगायतले मन्तब्य राखेका थिए । गाउँपालिकाका प्रवक्ता शम्भुसिंह राजवंशीले संचालन गरेको कार्यक्रममा स्वागत उपाध्यक्ष रत्नाकुमारी राजवंशीले गरेकी थिइन् ।

हार्दिक बधाई तथा शुभकामना



अमिन अलि शेख

हाम्रा अनन्य मित्र **श्री अमिन अलि शेख** नेपाली कांग्रेसका सभापति श्री शेरबहादुर देउवाद्वारा **मुस्लिम विभाग**मा मनोनित हुनुभएकोमा **हार्दिक वधाई** ज्ञापन गर्दै उहाँको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौ ।

**दिपमाला लिम्बू** सचिव | **बिना तामाङ** उपाध्यक्ष | **माया गुरुङ** अध्यक्ष

**मखमली महिला विकास संस्था**
परिवार
**मेचीनगर - १०, झापा**



# प्रदेशसभा सदस्य श्रेष्ठलाई कोरोना पुष्टि



*झापा (प्रस)* । प्रदेश -१ मा पहिलोपटक प्रदेशसभा सदस्यमा कोरोना पुष्टि भएको छ। धनकुटाबाट प्रतिनिधित्व गर्ने प्रदेश- १ प्रदेशसभा सदस्य कुशुम श्रेष्ठलाई कोरोना संक्रमण पुष्टि भएको हो ।

सुनसरीको इटहरीमा बस्दै आएकी नेकपाका सांसद श्रेष्ठमा बुधबार कोरोना संक्रमण पुष्टि भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ। उनका श्रीमानमा पनि कोरोना संक्रमण देखिएको बताइएको छ। सांसद श्रेष्ठले केही दिन अगाडि ज्वरो आउँदा स्वास्थ्यमा समस्या आएपछि चेकजाँच गर्दा कोरोना पोजिटिभ देखिएको बताइन् ।

# भुटानी शरणार्थीलाई खाद्यान्न वितरण

*दमक (प्रस)* । झापाको दमक र मोरङको पथरीशनिश्चरेमा रहेका भुटानी शरणार्थीलाई खाद्यान्न वितरण गरिएको छ । कोरोना कहरका कारण रोजगारी गर्न शिविर बाहिर निस्किन नपाएका शरणार्थीलाई तेस्रो देश पुनर्वास भएका भुटानीहरुको सहयोगमा खाद्यान्न वितरण गरिएको हो ।

अमेरिकामा रहेको 'लभ द लस्ट' नामक संस्थाको आर्थिक सहयोगमा दमक नगरपालिका ३ बेलडाँगीस्थित शिविरका एक हजार ६ सय तथा पथरीशनिश्चरे नगरपालिका १० स्थित शिविरमा रहेका ५ सय २२ भुटानी शरणार्थी परिवारलाई राहतस्वरुप एक/एक बोरा चामल वितरण गरिएको हो । लामो लकडाउनका कारण भुटानी शरणार्थीहरु रोजीरोटीका लागि शिविर बाहिर निस्किन पाएका छैनन् । भुटानी शरणार्थीलाई सहयोग गर्दै आएको विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी) ले सन् २०१९ देखि नै रासनलगायत सबै सहयोग कटौती गरेको छ । शरणार्थीसम्बन्धी राष्ट्रसंघीय उच्चायोग (यूएनएचसीआर) ले दिदै आएको सहयोगहरु पनि भारी मात्रामा कटौती भएपछि अहिले भुटानी शरणार्थीहरु स्थानीय क्षेत्रमा दैनिक ज्याला मजदुरी गरेर आफ्नो परिवार पाल्दै आएका छन् । कोरोना र लकडाउनका कारण शिविर बाहिर निस्किएर काम गर्न नपाएकाले शिविरभित्र भोकमरीको अवस्था सिर्जना हुन सक्ने अवस्था देखेर शिविरभित्रकै अगुवा शरणार्थीहरुको पहलमा सो सहयोग प्राप्त भएको बेलडाँगी शिविरका अगुवा एवं पूर्व शिविर सचिव युवराज साम्पाङ राईले जानकारी दिए ।

अमेरिकाको लभ द लस्टका संस्थापक पूर्ण तामाङले नेपालमा रहेका भुटानी शरणार्थीका लागि २६ लाखभन्दा बढी रकम पठाएका थिए । सो रकमले दमक र पथरी दुवै शिविरका गरी करिब २१ सय परिवारलाई प्रतिपरिवार २५ केजीका दरले एक/एक बोरा चामल वितरण गरेको खाद्यान्न सहयोग समितिका संयोजक आइतराज गुरुङले जानकारी दिए । सहयोग वितरणका लागि गुरुङको नेतृत्वमा ११ सदस्यीय समिति गठन गरिएको थियो ।




# खटयात्रामै फर्कियो विराटनगरको रथयात्रा



हल्दिबारीमा आयोजित दधिकाद

*झापा (प्रस)* । हरेक वर्ष विराटनगरमा भव्यताका साथ मनाइने गरिएको राधाकृष्ण रथयात्राको ५२ औँ श्रृखला खटयात्रामा सीमित भएको छ। २०२५ सालदेखि खटयात्रालाई व्यवस्थित र भब्यता प्रदान गर्दै रथयात्राको रुपमा नगर परिक्रमा गर्ने परम्परा बसालिएकोमा यस पटक कोरोना कहरका कारण रथयात्रा सम्भव भएन ।

विक्रम सम्बत १९८८ सालदेखि श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट खटयात्राको रुपमा राधाकृष्णको मुर्तिलाई नगर परिक्रमा गराउने प्रचलन विराटनरमा आरम्भ भएको थियो । खटयात्राको इतिहास अनुसार ९० औं श्रृंखला भक्तजनविहीन यात्रामा सीमित हुन पुगेको हो ।

बुधबार खटयात्राको परम्परालाई संकटपूर्ण अवस्थामा पनि निरन्तरता दिने उद्देश्यले रथयात्रा आयोजक समितिले गाडीमा खट राखेर राधाकृष्णको मुर्तिलाई नगरपरिक्रमा गराइएको छ । सडकमा लाखौँ भक्तजनको भीड हुने विराटनगरमा बुधबार खटयात्रा भएको सुईको समेत धेरैले पाएनन् । यद्यपि रथयात्राको निरन्तरता भने भएको छ ।

यता सदियौदेखि चलिआएको परम्परागत दधिकाद कार्यक्रम बुधबार हल्दिबारीमा सम्पन्न भएको छ । गौरनन्द किर्तन मण्डलीको आयोजनामा हल्दिबारी २ मा दधिकाद खेलपर्व आयोजना गरिएको थियो । श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट आदिबासी समुदायले यो पर्व मनाउने गरेका छन् ।

# डिसइन्फेक्सन स्प्रे गर्दै स्वच्छ मोड

*बिर्तामोड (प्रस)* । कोरोना भाइरसको संक्रमण रोक्न झापा बिर्तामोडको स्वच्छ मोडले जीवाणुनाशक औषधि निःशुल्क



छिट्ने काम सुरु गरेको छ । बिर्तामोड १ मा कार्यालय रहेको स्वच्छ मोडले एक सातादेखि बिर्तामोडका सहरी क्षेत्रमा डिसइन्फेक्सन पाउडर छिट्दै आएको स्वच्छ मोडका प्रमुख प्रदिप खड्काले जानकारी दिए । संस्थाले जीवाणुनाशक औषधि छिट्नका लागि स्प्रे पम्प र औषधि खरिद गरेर ल्याएको छ । स्वच्छ मोडको अगुवाईमा संस्थाका सदस्यहरुले दैनिक रुपमा बढी भीडभाड हुने र कोरोना भाइरसको जीवाणु रहन सक्ने स्थानमा औषधि स्प्रे गर्दै आएको छ । संस्थाले पसल, कार्यालय तथा प्रतिष्ठानहरुमा औषधि छिट्दै आएको हो ।

# प्राधिकरण कर्मचारीको कोरोनाबाट मृत्यु



*बिराटनगर (प्रस)* । विराटनगरको विद्युत प्राधिकरणमा कार्यरत प्राविधिकको कोरोना संक्रमणका कारण मृत्यु भएको छ । कोशी कोभिड उपचार केन्द्रमा गत साउन २४ गते लगिएका उनी विराटनगर ३ निवासी ५७ वर्षीय पुरूष हुन् । उनमा सुगर र श्वासप्रश्वासमा समस्या रहेको उपचारमा संलग्न चिकित्सक डाक्टर दीपक सिग्देलले जानकारी दिए । बुधबार मात्र प्रदेश १ मा अर्को संक्रमितको ज्यान गएको थियो । उनी धरानमा उपचाररत थिए । विहान ३ बजे उनको मृत्यु भएको अस्पताल प्रशासनले पुष्टि गरेको छ । मृत्यु हुने मोरङको बुढीगँगा गाउँपालिका २ का ५५ वर्षीय पुरूष हुन् । योसँगै प्रदेशमा कोरोना संक्रमणका कारण ज्यान गुमाउनेको संख्या ८ पुगेको छ । मृतक सबै मोरङका हुन् ।

# चन्द्रगढीका युवाले गरे निःशुल्क मास्क वितरण



*भद्रपुर (प्रस)* । कोरोना भाइरस संक्रमणको जोखिम बढ्ने अवस्था देखिएपछि रोकथामको पूर्व तयारीका लागि चन्द्रगढीका युवाहरूले मास्क वितरण तीव्र बनाएका छन् ।

भद्रपुर १० र ७ का युवाहरूले चन्द्रगढीको लेखनाथ चौकमा खटिएका प्रहरीमार्फत वितरण गर्ने गरी बुधबार ५ सय मास्क यात्रुहरूका लागि हस्तान्तरण गरेका हुन् ।

समुदायमा कोरोना फैलन रोक्नका लागि प्राथमिक उपायका रूपमा मास्क अनिवार्य प्रयोग गर्ने बानी बसाल्न भद्रपुर १० का राजन न्यौपाने, रमेश भट्टराई, अमित भट्टराई, भद्रपुर ७ का प्रकाश अधिकारी, दिपेश न्यौपानेलगायतको सहयोगमा हालसम्म ९ सय मास्क लेखनाथ चौकबाट यात्रा गर्ने यात्रुहरूलाई वितरण गरिसकिएको छ ।

## पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
## शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

### औषधीको प्रयोग नगरी उपचार

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौँ, सदैव स्वस्थ रहौँ ।

पूर्ण टुङ्ग **बिर्ता सीटी हस्पिटल**
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८०००० 

## हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

### सफलतापूर्वक उपचार हुने समस्याहरु



ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुबै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : **स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.**
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय

**१ नं. प्रदेशको सधियार**

**हेम कुमार लम्सालको नाममा जारी गरिएको**

### ७ दिने सूचना

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री सम्झना बस्नेतले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय स्वायत्त शासन ऐन २०५५ को उपदफा १ च २ प्रयोजनको लागि यो ७ (सात) दिने सूचना तथा सधियार पु. श्री हेम कुमार लम्सालको जग्गा लगायत सार्वजनिक हानी नोक्सानी हुन्छ वा हुँदैन । यदी हुन्छ भने यो सूचना प्रकाशित भएको मितिले तपाईं ७ दिन भित्र प्रमाण सहित आउनु होला । अन्यथा नियम बमोजिम भई जानेछ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-५, अनारमनी ३ | १७९. ०१२० | १४०५ | २२८.५६ | २०७६/०९/०४ | २०७६/०९/०४ | २०७७/०३/२१ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय

**१ नं. प्रदेशको सधियार**

**सेवन्त शर्मा खनाल सुवेदी , केदार बास्कोटाका नाममा जारी गरिएको**

### ७ दिने सूचना

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री टेक बहादुर,भावना सुवेदी निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय स्वायत्त शासन ऐन २०५५ को उपदफा १ च २ प्रयोजनको लागि यो ७ (सात) दिने सूचना तथा सधियार उ. श्री सेवन्त शर्मा खनाल सुवेदी द. केदार बाँस्कोटाको जग्गा लगायत सार्वजनिक हानी नोक्सानी हुन्छ वा हुँदैन । यदी हुन्छ भने यो सूचना प्रकाशित भएको मितिले तपाईं ७ दिन भित्र प्रमाण सहित आउनु होला । अन्यथा नियम बमोजिम भई जानेछ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-४ | १७९ १२० ११ | १२९,१३४ ८१३५ | ८३४.४० वर्ग मि. | २०७६/११/०५ | २०७६/११/०५ | २०७७/०३/१६ |

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

## सामाजिक सुरक्षा परिचय पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सुचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाको १० वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धीत वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई **वि.सं. २०७७ श्रावण मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनु हुन सुचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बुवा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनु पर्ने कागजातहरु / वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरु**

- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- पासफोटो साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि
- सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण
- बिधुवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस पत्र
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साविकको महिला तथा बालबालिका कार्यालय वा गा.वि.स. ले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन ।)

**वितार्मोड नगरपालिका**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# जनमतको उपेक्षा

देशमा नेपाल कम्युनिष्ट पार्टीको दुई तिहाइको सरकार बनेर स्थायित्व कायम होला भनी जनताले अपेक्षा गरिरहेका बेला सत्तारूढ नेकपाभित्रको शक्तिसंघर्ष उत्कर्षमा पुगेको छ । यसले सत्तारूढ पार्टीलाई विभाजनको सँघारमा पुऱ्याउने हो कि भन्ने चिन्ता बढेर गएको छ । सत्तारूढ पार्टीमा अवश्यम्भावी फुटको संकेत देखेपछि पार्टी नेता तथा सांसदले दबाब अभियान सुरु गरे तापनि शीर्ष नेताहरू भने टसकोमस भएका छैनन् ।

सिंहदरबार गाउँगाउँमा भनी दिइएको नारा साकार पार्न बाँकी छ ।तर, यसैबेला नेताहरूमा देखिएको झगडा र बेमेलले जनतामा नमीठो सन्देश दिन पुगेको छ। अहिले देश कोरोना महामारीको संकटमा फसेको छ । यसको नियन्त्रण र रोकथामका लागि लिइएका कदम पनि त्यति प्रभावकारी हुन सकिरहेका छैनन् । राहत तथा सेवासुविधाका कार्यक्रम पनि दिइएका छैनन् । जनता यस विषयलाई लिएर रुष्ट हुँदै गएका छन् ।

अर्कोतिर निरन्तर वर्षादका कारण देशमा बाढी, पहिरो र डुबानको समस्या थपिँदै गएको छ। देशभित्र जनधनको क्षति निकै उच्च हुँदै गइरहेको छ। पीडित जनताले राहत र सेवासुविधाहरू पाउन सकिरहेका छैनन् । बिनामलखाद धान रोपाइँ गरेका जनता रोपाइँ उठिसक्दा पनि राख्नका लागि रासायनिक मल पाउन सकिरहेका छैनन्। सरकार यसका बारेमा बेखबरजस्तै छ। यसरी तत्काल आइपरेका यी समस्या समाधान गर्न र देशलाई विकास तथा समृद्धितिर अघि बढाउन सत्तारूढ पार्टी एक ढिक्का भएर अघि बढ्नु जरुरी पर्छ । साथै सरकारले सापेक्ष स्थायित्व दिन सक्नैपर्छ। नत्र दल र सरकारप्रति जनताको बिश्वास हट्दै जाने छ । फेरि पनि नेपालमा दुइतिहाईको सरकार बनाउने जनमत जुटाउन दलहरुलाई पक्कै गाह्रो पर्ने देखिन्छ ।

# कृषि कर्जामा गाडीको प्रसङ्ग



❖विजयराज पोखरेल

कृषि तथा पशुपन्छी विकासमन्त्री घनश्याम भुसालले आर्थिक वर्ष २०७७-७८ को बजेट संसद्बाट पारित हुनुअघि आफ्नो मन्त्रालयको विषयमा उठेका प्रश्नहरूका जवाफ दिने क्रममा कृषि विकासका कार्यक्रम कार्यान्वयन र समग्र कृषि क्षेत्रमा विद्यमान कमजोरीका पाटाहरू केलाउने क्रममा कृषि कर्जाको सदुपयोगिताउपर पनि शंका व्यक्त गरेको पाइयो । उनले ठट्यौली शब्द प्रयोग गर्दै उक्त ऋण गाडीमा र साडीमा पनि जाने गरेको प्रसङ्ग उठाए ।

कोरोना कहरका बीच अर्थमन्त्री युवराज खतिवडाले नयाँ संविधान जारी भएपछि निर्वाचित सरकारका तर्फबाट जेठ १५ गते संघीय संसदमा पेस गरेको तेस्रो बजेट दुवै सदनबाट बहुमतले पारि तसमेत भइसकेको छ । आर्थिक वर्ष २०७७-७८ का लागि पेस भएको उक्त बजेटमा कृषि क्षेत्रले ठूलो फड्को मार्ने गरी आउने आशा र विश्वास लिइएको थियो । तर, बजेटले अपेक्षाअनुरूप कृषि क्षेत्रलाई सम्बोधन गर्न नसकेको र अधिकांश कार्यक्रम पुरानै रहेको सरोकारवालाहरूको भनाइ रहँदा कृषिमन्त्रीबाट समेत बजेट चित्तबुझ्दो हुन नसकेको अभिव्यक्ति आयो । कृषि क्षेत्र विभिन्न समस्याले जकडिएर रहेको समयमा मन्त्री भुसालको अगाडि निश्चय पनि कोरोनाले चुनौतीको चाङ थपिदिएको छ ।

मन्त्री भुसालले मन्त्रालयको जिम्मेवारी पाएको चार महिनाको अन्तरालपछि गत चैतको अन्त्यमा कृषि विकासका लागि आजसम्म गरिएका असल प्रयासलाई सार्थक बनाउन र कमजोरी हटाई परिवर्तन ल्याउने ध्येयले 'संरक्षित कृषि, सुनिश्चित बचत' नारा अगाडि सारे । यो नारालाई साकार रूप दिन पाँचवटा नीतिगत आधारसहितको कृषि अवधारणाअन्तर्गत उत्पादन सामग्रीमा अनुदान, सस्तो र सुलभ ऋण, सबै किसानलाई प्राविधिक सेवा, सबै बालीवस्तुको बिमा र न्यूनतम बचतको सुनिश्चितता रहेका छन् । नीति तथा कार्यक्रममा सम्बोधन भएका कतिपय बुँदा बजेटमा नपारिएको विषयले निराश बनाए पनि उनी अबको कृषिको कार्यदिशामा भने स्पष्ट देखिएका छन् ।

वास्तवमा कृषि विकासलाई समग्रतामा हेरिनुपर्छ । पुँजी, श्रम, कृषि सामग्री, प्रविधि, सिँचाइ आदिको सहज र समयानुकूल पहुँच कृषिको उत्पादनलाई प्रभाव पार्ने महत्वपूर्ण तत्वहरू हुन् । उत्पादनका लागि आवश्यक पर्ने पुँजीको जोह गर्न निश्चय पनि वित्तीय सहयोग पनि महत्वपूर्ण पाटो हो । नेपालको सन्दर्भमा कृषिमा साना किसानहरूको बाहुल्यता रहेकाले उनीहरूलाई विशेष सेवाटेवा चाहिन्छ । यस सन्दर्भमा कृषकको नाममा प्रदान गरिने वित्तीय सेवा पनि साना किसान लक्षित हुनु जरुरी छ । पछिल्ला केही वर्षयता आएर कृषि कर्जाको विषय जोडतोडले उठ्न थालेको छ र पनि कृषि कर्जा सहज र सुलभ तवरले प्राप्त गर्न नसकेको गुनासो आउने क्रम रोकिएको छैन । सर्वत्र बेथितिले गाँजेको चर्चा भइरहँदा कृषक हितका लागि प्रवाह गरिने कृषि कर्जा पनि कृषि उत्पादनकै कार्यमा सदुपयोग भएको छ कि छैन भन्ने प्रश्न उठ्नु अस्वाभाविक हैन ।

संसदमा बजेटका बारेमा उठेका प्रश्नको जवाफ दिने क्रममा कृषि कर्जा सम्बन्धमा आफ्नो तर्क मन्त्री भुसालले यसरी प्रस्तुत गरे-'पुष्पलालको पालादेखि सामन्तवाद तोड्दै गर्दा सामन्तवाद भत्केछ र किसान स्वतन्त्र भएछ। किसानसँग केही पनि छैन् अर्थात् नाङ्गो किसान स्वतन्त्र भएछ । त्यसैले अब पुष्पलाल र बीपीको पालादेखि किसानलाई सर्वसुलभ ऋण देऊ भन्ने नारा कार्यान्वयन गर्ने बेला आएको छ । अहिलेसम्म हामीले करिब ५० अर्ब ऋण त बाँड्यौं, तर त्यसको ३० देखि ३३ प्रतिशत रकम पनि किसानमा गएको छैन । ठट्यौली पारामा भन्ने हो भने त्यो गाडी र साडीमा जान्छ, तर किसानमा जाँदैन ।' उनले जोड्न खोजेको आशय स्पष्ट छ। पहिलो वास्तविक लक्षित किसानले कर्जा सुविधा उपभोग गर्न पाएका छन/छैनन् र दोस्रो प्रवाह भएको कर्जा सही तवरमा माटोमै सदुपयोग भइरहेको छ/छैन ।

के मन्त्री भुसालले चासो व्यक्त गरेझैं कृषि कर्जाको रकम वास्तविक किसानमा नगएर गाडी र साडीमा गइरहेको हो त ? यस विषयमा हालसम्म बैंकिङ क्षेत्र र बैंकर्स संघबाट कुनै प्रतिक्रिया जनाइएको भने देखिएन । राज्यले कृषि विकास र कृषक उत्थानका लागि भनेर कृषि कर्जाको ब्याज अनुदानमा ठूलो धनराशि खर्चिरहेको अवस्थामा कृषि कर्जाको सदुपयोगितामा कृषि मन्त्रालयले चासो राख्नु अस्वाभाविक हैन । तर यदि प्रवाह भएको ५० अर्बको सहुलियतपूर्ण कृषि कर्जाको ३० देखि ३३ प्रतिशत पनि किसानमा गएको छैन भने यस विषयमा नेपाल राष्ट्र बैंकलगायत कृषि कर्जा प्रवाहको जिम्मेवारी पाएका बैंक तथा वित्तीय संस्थाहरूले गम्भीर भएर सोच्नैपर्ने हुन्छ ।

> **विगत केही वर्षदेखि कृषि क्षेत्रमा आकर्षण बढाउन अनुदानमा आधारित कार्यक्रमहरू ल्याइए तापनि अनुदान लक्षित वर्गसम्म नपुगेको र यसको व्यापक दुरुपयोग बढेको गुनासो छ ।**

विगत केही वर्षदेखि कृषि क्षेत्रमा आकर्षण बढाउन अनुदानमा आधारित कार्यक्रमहरू ल्याइए तापनि अनुदान लक्षित वर्गसम्म नपुगेको र यसको व्यापक दुरुपयोग बढेको गुनासो छ। कृषिका लागि भनेर सञ्चालन गरिएका अनुदानमा आधारित कार्यक्रमबाट टाठाबाठा र पहुँचवालाले नै हालीमुहाली गरेको र लक्षित कार्यक्रमअनुसार प्रतिफल प्राप्त हुन नसकेको कुरा कृषि मन्त्री स्वयंबाट विभिन्न कार्यक्रममा अभिव्यक्त भइरहेछ । किसानको नाममा राजनीतिक पहुँचका आधारमा सीमित व्यक्तिहरूले फाइदा लिने विगतको परम्पराप्रति कृषि मन्त्रालय हाल निकै गम्भीर भएको देखिन्छ । यो परम्परालाई तोड्न वास्तविक कृषकले सुविधा पाउने गरी कृषि सामग्रीमै अनुदान उपलब्ध गराउने रणनीतिमा मन्त्रालय लागेको पाइन्छ । तोकिएको कार्यक्रमका लागि अनुदान लिएर कार्य सम्पन्न नगर्ने व्यवसायीलाई कारबाहीको दायरामा ल्याउने जमर्को गर्नुलाई सकारात्मक रूपमा लिइनुपर्छ । यस सन्दर्भमा कृषि मन्त्रालयले प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजनाअन्तर्गत शीतघर निर्माणका लागि उपलब्ध गराइने अनुदान सम्झौताबमोजिम कार्य नगर्ने ६ वटा कम्पनीको सम्झौता रद्द गरिसकेको छ। यस्तो किसिमको कारबाही समयमै हुन सक्दा निश्चय पनि अनुदान कार्यक्रमको रकम दुरुपयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सकिन्छ ।

बैंकिङ क्षेत्रमा पनि समय-समयमा कर्जा लगानीमा विभिन्न विकृति र विसंगति नदेखिएका हैनन् । यस सन्दर्भमा कृषि क्षेत्रमा प्रवाह भएको शतप्रतिशत सदुपयोग नै भएको छ भनी ठोकुवा गर्न नसकिएला । तथापि बैंकिङ क्षेत्रमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन र बैंकिङ कसुर तथा सजाय ऐन, नेपाल राष्ट्र बैंकको नियमन तथा सुपरिवेक्षण एवं सम्बन्धित बैंकको आन्तरिक निरीक्षण प्रणाली आदिले गर्दा कर्जा अपचलन गर्ने चाहे व्यवसायी हुन्, चाहे कर्मचारी हुन्, ढिलोचाँडो कारबाहीको दायरामा आउने गरेकै छन् । यस अर्थमा बैंकिङ क्षेत्रमार्फत सञ्चालित लक्षित कर्जा कार्यक्रम तुलनात्मक रूपले बढी प्रभावकारी हुन्छ भन्न खोजिएको हो । विगतमा कृषि विकास बैंकबाट सञ्चालित अनुदानमा आधारित कृषि तथा ग्रामीण कर्जासम्बद्ध कार्यक्रमहरूले लक्षित उद्देश्यअनुरूप उदाहरणीय रूपमा सफलता प्राप्त गर्न सकेको भन्दा अझै पनि अतिशयुक्ति नहोला । तसर्थ कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत सञ्चालित अनुदानका कार्यक्रमहरू पनि बैंकिङ प्रणालीसँग आबद्ध गर्न सकिएमा अनुदान दुरुपयोगको सम्भावना न्यून रहन्छ ।

हाल कार्यान्वयनमा रहेको 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत (दोस्रो संशोधन) कार्यविधि, २०७६' अन्तर्गत व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाअन्तर्गत कार्यान्वयनमा रहेको छ । यो कार्यविधिमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले अनुगमन गर्दा कर्जा सदुपयोग भएको नपाइएमा ब्याज अनुदान सुविधा उपलब्ध नगराइने र ब्याज अनुदान सुविधा लिइसकेको भए सम्बन्धित ऋणीबाट असुलउपर गरिने व्यवस्था उल्लेख गरिएको छ । यसका साथै सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूले ग्राहकलाई उपलब्ध गराएको ब्याजको शोधभर्ना त्रैमासिक रूपमा नेपाल राष्ट्र बैंकबाट प्राप्त गर्दा कर्जा सदुपयोग भएको एवं अन्य किस्ता तिरेको सुनिश्चित हुनुपर्ने र कर्जा सदुपयोग भएको नपाइएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम कारबाही गरी अनुदानबापतको रकम बैंक तथा वित्तीय संस्थालाई भुक्तानी नदिने प्रावधान रखिएको छ। यसरी यो कार्यविधिले कर्जा लिने ग्राहक र लगानीकर्ता बैंक तथा वित्तीय संस्था दुवैलाई जिम्मेवार बनाई कर्जादुरुपयोगको सम्भावनालाई न्यूनीकरण गर्न विशेष व्यवस्था गरेको देखिन्छ ।

कृषि सम्बद्ध निकायहरूबाट उपलब्ध गराइने अनुदान प्राप्त गर्न बनावटी परियोजनाका आधारमा चलखेल गर्ने गरेको समाचार आइरहँदा कृषिका लागि सहुलियतपूर्ण कर्जामा ५ प्रतिशत ब्याज अनुदान पाइने भएपछि यसमा पनि हुनेखाने र पहुँचवाला व्यक्तिहरू नसलबलाउने हैनन् । परियोजनाको लागत बढी पेस गरेर कर्जा प्राप्त गर्न/गराउन दौडधूप गर्नेको कमी छैन । कर्जा उपलब्ध गराउँदा बैंक तथा वित्तीय संस्थाले ग्राहकको छानबिनका साथै पेस गरिएको परियोजना प्रस्तावउपर गरिएको कर्जा विश्लेषण एवं जोखिमस्तर मापनपश्चात् परियोजना सम्भाव्य भएमा मात्र कर्जा स्वीकृति र प्रवाहको प्रक्रिया अगाडि बढाइन्छ । यति हुँदाहुँदै पनि कृषि व्यवसायलाई अगाडि तेर्स्याएर परियोजनाका लागि जग्गा खरिद तथा विकास, महँगा गाडी, भवन निर्माण र दरिलो बारबन्देजका लागिसमेत सस्तो ब्याजदरको कर्जा रकम प्राप्त गर्नमा कतिपय ग्राहकको जोड हुने गरेको पाइएको छ । यहाँनिर भने कृषि मन्त्रीले भनेजस्तै गाडी र साडीको प्रसङ्ग जोडिन आउँछ ।

कृषि व्यवसाय सञ्चालन गर्न निश्चय पनि सम्बन्धित कृषि बालीको उत्पादन तथा पशुपन्छीपालनका लागि चाहिने लागत अतिरिक्त केही रकम पूर्वाधारमा समेत खर्चिनुपर्ने हुन्छ । पूर्वाधारको नाउँमा कतिसम्मको साधन/संरचना निर्माण तथा खरिद गर्न दिने यसमा स्पष्ट हुन जरुरी छ । मुख्य कृषि कर्मबाहेक अन्य महँगा संरचना निर्माण तथा साधन खरिदमा जोड दिँदा परियोजनाको लागत बढ्न गई कालान्तरमा परियोजना पूरा हुन नसक्ने वा असफल हुन गई राज्यको अपेक्षा पूरा नहुन सक्छ ।

नेपाल राष्ट्र बैंकले गरेको पछिल्लो व्यवस्थाअनुसार वाणिज्य बैंकहरूले कुल कर्जा १० प्रतिशत लगानी कृषि क्षेत्रमा गर्नैपर्ने हुन्छ । यो व्यवस्था गरिरहँदा वाणिज्य बैंकहरूमा कृषि तथा कृषि कर्जा विश्लेषण गर्न सक्ने जनशक्ति छन्/छैनन् भन्ने पक्षमा विचार गरिएन । यसले गर्दा कतिपय बैंकहरूले अझै पनि गुणस्तरीय कृषि कर्जा प्रवाहमा कठिनाइ भोग्नुपरेको यथार्थ छ । कृषि भेग विषय हो । ग्राहकले पेस गरेको प्रस्तावअनुसार सम्बन्धित बाली तथा पशुपन्छीको लागत, संरचना तथा प्रयोग गरिने प्रविधि यथार्थपरक भए/नभएको पक्ष कर्जा विश्लेषणका क्रममा हेरिनुपर्छ । कृषि तथा पशुपन्छी मन्त्रालयले प्रत्येक बाली तथा पशुपन्छीको प्रतिएकाइ लागत हरेक वर्ष उपलब्ध गराउने व्यवस्था गर्न सके सबै बैंकबाट हुने कर्जा लगानीमा एकरूपता हुनुका साथै परियोजनाको लागत बढाएर दुरुपयोगको सम्भावनालाई पनि न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल राष्ट्र बैंकको पछिल्लो विवरणअनुसार सहुलियतपूर्ण कृषि कर्जाअन्तर्गत आ.व. २०७५/७६ मा १७ हजार २ सय ३ कृषकलाई ३२ अर्ब १८ करोड ९५ लाख लगानी रहेकोमा यस आ.व.को वैशाख मसान्तसम्म २३ हजार २ सय ६६ कृषकमा ५० अर्ब ७८ करोड ३५ लाख कर्जा लगानीमा रहेको छ । गत वर्षको तुलनामा कृषि कर्जा लिने ग्राहक र कर्जा रकममा वृद्धि भए पनि लाभान्वित ग्राहक अझै पनि न्यून रहेका छन् । तर, यहाँनिर कति कर्जा प्रवाह भयो भन्दा पनि कृषि कर्जाले उत्पादन वृद्धिमा कति योगदान पुऱ्यायो भन्ने पक्षलाई पनि अत्मसात् गरिनु आवश्यक छ । कृषि कर्जाको तथ्याङ्क बढ्दैमा कृषि क्षेत्रको प्रगति सुनिश्चित हुन सक्दैन । कृषि र कृषि कर्जाबीचको तादात्म्यको खोजी हुन सके मात्र राज्यले लिएको उद्देश्य पूरा हुन सक्छ ।

# देश विकासमा युवावर्गको भूमिका



❖सुदर्शन अधिकारी

युवालाई देश विकासको आधार तथा सुनौलो भविष्यका लागि ज्यादै महत्वका साथ हेरिन्छ । त्यसैले देशका हरेक क्षेत्रमा युवालाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिकलगायतका विविध क्षेत्रमा नवीन परिवर्तन ल्याउने कार्यमा युवावर्गको भूमिका अहम् रहन्छ । त्यसैले राज्यले युवालाई उद्यमशील र सिर्जनशील बनाई जिम्मेवार नागरिक बनाउन विशेष दायित्व वहन गर्नुपर्छ । हाम्रो सन्दर्भमा हेर्दाखेरि विकास-निर्माणमा र युवालाई नेतृत्वमा पुऱ्याउने कार्यमा राज्य चुकेको देखिन्छ । युवावर्गलाई देशभित्रै रहेर राष्ट्र निर्माण कार्यमा अहम् भूमिका निर्वाह गर्ने वातावरण निर्माणका लागि राज्यले युवामैत्री नीति निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

वि.सं. २०६६ सालमा युवालाई लक्षित गरी राष्ट्रिय युवा नीति निर्माण गरेको देखिन्छ । तर, त्यसमा विभिन्न कमजोरी रहेकाले त्यसले युवावर्गलाई समेत छुन सकेको छैन । केही अपवादलाई छाडेर अन्यलाई हेर्ने हो भने युवावर्ग विकासमा भन्दा पनि विनासमा लागेको देखिन्छ । लागूपदार्थको दुर्व्यसनी, लुटपाट, चोरीडकैती, बलात्कार, हत्याहिंसाजस्ता कार्यमा संलग्न हुनु दुःखद सवाल हो । युवा बेरोजगारी, सामाजिक, मनोवैज्ञानिकलगायत समस्याका कारण हजारौंको संख्यामा शिक्षित युवावर्ग अवसरको खोजीमा विदेश पलायन भएका कारण नेपालमा प्रतिभा पलायनको क्रमसमेत बढेर गएको छ ।

यस्तो हुनुमा हाम्रो शिक्षा अव्यावहारिक हुनु, युवालक्षित कार्यक्रमको अभाव र नेतृत्वतहमा युवा पुस्ता सहभागिताको कमी हुनु नै हुन् । नेतृत्वमा युवा सहभागिताका बारेमा निकै चर्चा र बहस हुने गरेका छन् । निष्कर्षमा युवालाई नेतृत्व तहमा पुऱ्याउने कुरा पनि हुन्छन्, तर व्यवहारमा त्यसले मूर्तरूप प्राप्त गर्न त्यहाँ पनि युवावर्गको नेतृत्व नहुँदा अनेकौं असहजता आएको हुँदा गिरेका नेताहरूको हालीमुहालीले त्यस क्षेत्रमा पनि प्रदुषण भएको सर्वविदितै छ ।

देशमा युवालाई आकर्षित गर्ने नीति तथा कार्यक्रम नहुँदा दैनिक लगभग २ हजारको हाराहारीमा युवाहरू खाडी राष्ट्रलगायत अनेकौं राष्ट्रमा श्रम बेच्न विवश भएका छन् । न्यूनतम पारिश्रमिक, त्यसमा पनि नानाथरीका पीडा सहेर ५० डिग्रीको तापक्रममा रहेर पसिना बगाउन बाध्य भएका छन् । युवाशक्तिलाई वशमा राख्न नसक्दा, आफ्नो घरखेत नै बन्धकी राख्नुपर्दाको अवस्था कम्ती पीडादायी भएको छैन । नेपालमा गरिएको सम्झौताअनुसार काम गर्न नपाइने, तोकिएअनुरूपको तलब सुविधा नपाउने, अन्य सेवासुविधा पनि उल्लेख गरिएअनुसारको नदिने जस्ता समस्याले ग्रसित छन् ।




**जसरी राजनीतिक परिवर्तन गर्नमा युवाको योगदान अतुलनीय रह्यो, त्यसैगरी देशको आर्थिक विकासमा उनीहरूलाई उपयोग गर्नुपर्छ । तबमात्र देशले नवीन ढंगले विकास गर्ने अवसर पाउन सक्छ ।**

निर्माण गरिएको युवा नीतिमा १५ वर्षदेखि ४० वर्षसम्मकालाई युवा मानिएको छ। तर, सामान्यतया सरकारी नोकरीका लागि उपयुक्त मानिने ६० वर्षसम्मका व्यक्ति नै युवा हुन् भन्न सकिन्छ । युवावर्गको नेतृत्वमा उत्तम बन्न सफल विविध निजी कार्यालयहरू नभएका होइनन्, बैंकिङ तथा सूचना प्रविधिका क्षेत्रमा युवा नेतृत्वले उल्लेख्य प्रगति गरेको छ, जुन राम्रो दृष्टान्तका रूपमा रहेको पनि छ। सूचना प्रविधिको विकास तथा प्रयोगबाट नेपाली युवाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति राख्न सफल भएका छन् । यो कार्य आमयुवावर्गकै लागि पनि गर्व गर्ने विषय पनि हो ।

मुख्यतया मूलनीतिमा रहने राजनेताहरू नै युवावर्ग हुनु जरुरी देखिन्छ। किनभने यसले सबै क्षेत्रमा दूरगामी प्रभाव पार्छ । जसरी पानीको मुहान स्वच्छ भए मात्रै त्यहाँबाट बग्ने पानी स्वच्छ हुन्छ, त्यसरी नै राजनीति गर्ने स्थानमा नेताहरू युवावर्गका भए मात्र त्यसको प्रभाव अन्य क्षेत्रमा पनि पर्छ। नेपालको राजनीतिक परिवर्तनमा पनि युवावर्गको भूमिका सदैव प्रशंसनीय रहेको छ, चाहे त्यो ०७ सालको विद्यार्थी आन्दोलन नै किन नहोस् । त्यसैगरी ०४६ सालको पहिलो जनआन्दोलन सफल बनाउन पनि युवा विद्यार्थीवर्गको महत्वपूर्ण भूमिका रह्यो ।

लोकतन्त्र स्थापना गराउने ०६२-६३ सालको दोस्रो जनआन्दोलन सफल बनाउनमा पनि युवावर्गको भूमिका अद्वितीय रहन गयो । समग्रमा युवा नै देशको समस्त विकासको महत्वपूर्ण जनशक्ति हुन्, तसर्थ उनीहरूलाई परिचालन गर्नका लागि राज्यले आकर्षित र कार्यान्वयन गर्ने नीति निर्माण गर्नु जरुरी छ। जसमा युवालाई कृषि पर्यटन र अन्य विविध क्षेत्रमा स्वदेशमा नै रहेर कार्य गर्ने युवामैत्री वातावरण सिर्जना गर्नमा विलम्ब गर्नु हुँदैन। जसरी राजनीतिक परिवर्तन गर्नमा युवाको योगदान अतुलनीय रह्यो, त्यसैगरी देशको आर्थिक विकासमा उनीहरूलाई उपयोग गर्नुपर्छ। तबमात्र देशले नवीन ढंगले विकास गर्ने अवसर पाउन सक्छ। आज रोजगारी अभावकै कारण बर्सेनि ४ लाखभन्दा बढी युवा बिदेसिने गरेको तथ्यांकले देखाउँछ ।

हामो शिक्षा सीपमूलक र स्वरोजगार बन्न नसकेको वास्तविकतालाई जानेर राज्यले कुनै कदम चाल्न सकेको देखिँदैन । कृषिलाई व्यावसायिक र आकर्षणको क्षेत्र बनाउन नसक्दा आज थप समस्या सिर्जना भएको छ। विश्वव्यापी रूपमा आहत बनाएको कोरोना रोगकै कारण बेरोजगारी बढ्ने निश्चित भएको छ । यता कृषिमा रहेकाले नै राज्यबाट कुनै राहत नपाएको गुनासो चर्को रूपले उठेको देखिन्छ। यस वर्षको बजेटमा भूमि बैंकको व्यवस्था गरी कृषिलाई व्यवस्थित आकर्षणको पेसा बनाउने भनिएको छ, जुन सकारात्मक भए पनि कार्यान्वयनका लागि निकै कठिन देखिन्छ ।

# बीपीका डाक्टरले बन्द गरे अस्पताल




झापा (प्रस) । विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) नियन्त्रणमा जुट्नुपर्ने बेलामा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका विशेषज्ञ चिकित्सक र पदाधिकारी काठमाडौँ प्रस्थान गरेका छन् ।

बुधबारदेखि प्रतिष्ठानको ओपीडी सेवा बन्द गरेर डाक्टर शुक्रबार हुने सिनेट बैठकमा भाग लिन काठमाडौँ गएको बताइएको छ। सरकारले भेला, बैठक र सभा सम्मेलन गर्न प्रतिबन्ध लगाएको भएपनि स्वास्थ्यमन्त्री भानुभक्त ढकालको निर्देशनमा प्रतिष्ठानका उपकुलपति डा. ज्ञानेन्द्र गिरीले शुक्रबार प्रतिष्ठानको सिनेट बैठक काठमाडौंमा बेलाएका छन् । बैठकमा भाग लिन प्रतिष्ठानका डेढ दर्जन चिकित्सक काठमाडौं गएको बुझिएको छ। चिकित्सकले जिल्ला प्रशासन कार्यालय सुनसरीबाट सवारी पास लिएर काठमाडौं गएका हुन् ।

प्रतिष्ठानका चिकित्सक अस्पतालको स्वास्थ्य सेवा बन्द गरेर काठमाडौं गएपछि कोरोना संक्रमित बिरामी र अन्य गम्भीर प्रकृतिका बिरामीको उपचारमा गम्भीर असर पुगेको छ । प्रतिष्ठानले कोरोना संक्रमित बिरामीलाई भर्ना नलिएपश्चात् धरानका १८ जना संक्रमित उपचार पाउनबाट बञ्चित भएका छन् । यस्तो बेलामा अस्पताल बन्द गरेर प्रतिष्ठानका पदाधिकारीसहित चिकित्सक काठमाडौं जानु अत्यन्तै गलत र बिरामीको चरम लापरवाही भएको धरान उपमहानगरपालिकाका मेयर तिलक राईले बताए ।

प्रतिष्ठानको सिनेट सदस्य समेत रहेका मेयर राईले सिनेट बैठक स्थगित गरी कोरोना नियन्त्रणमा लाग्न पटकपटक अनुरोध गर्दा समेत स्वास्थ्यमन्त्री भानुभक्त ढकाल, प्रतिष्ठानका उपकुलपति डा. ज्ञानेन्द्र गिरीलगायतका पदाधिकारीले अटेर गरेको बताए ।

मेयर राईले तीन महिना अगाडि प्रदेश -१ का मुख्यमन्त्री शेरधन राईले उद्घाटन गरेको कोभिड अस्पताल संचालन गर्न प्रतिष्ठानका उपकुलपति डा. गिरीलगायतका पदाधिकारीले अटेर गरेका कारण १८ जना संक्रमितलाई होम आइसोलेसनमा राख्नु परेको बताए। उनले प्रतिष्ठानका पदाधिकारीले कोभिड अस्पताल संचालन नगरेका कारण धरान उपमहानगरपालिकाले हरियाली सामुदायिक वनको भवनमा २३ बेडको आइसोलेसन सेन्टर स्थापना गरिएको बताए ।

मेयर राईले प्रतिष्ठानको सिनेट बैठक स्थगित गर्न स्वास्थ्यमन्त्री ढकाललाई लिखित आग्रह गरिएको भएपनि अटेर गरिएको भन्दै तत्काल बैठक स्थगित गरी चिकित्सकलाई बिरामीको सेवामा फर्काउन प्रधानमन्त्रीसमक्ष माग गरेका छन् । यस्तै बीपीका सिनेट सदस्य डा. जीपी रौनियारले प्रतिष्ठानमा समेत कोरोना फैलिएको भन्दै शुक्रबार हुने सिनेट बैठक स्थगित गर्न स्वास्थ्यमन्त्रीसमक्ष लिखित माग गरेका छन् ।

धरानमा दैनिक कोरोना संक्रमितको संख्या बढिरहेको भएपनि प्रतिष्ठानले संक्रमितको उपचारमा ध्यान दिएको छैन । प्रतिष्ठानले कोरोना संक्रमितलाई भर्ना नगरेका कारण धरानका १८ संक्रमित घरमै छन् । यसले समुदायमा अझ संक्रमण फैलाउने त्रास बढेको छ ।प्रतिष्ठानका पदाधिकारीहरु उपकुलपति डा. ज्ञानेन्द्र गिरी, शिक्षाध्यक्ष डा गुरु खनाल, रजिष्ट्रार डा. मोहनचन्द्र रेग्मी र निर्देशक गौरीशंकर साहलगायतका डेढ दर्जन चिकित्सक काठमाडौं प्रस्थान गरेका छन् ।

चिकित्सकहरुले ओपीडी सेवा बन्द गरेर काठमाडौं हिँडेपछि प्रतिष्ठान आउने हजारौँ सर्वसाधारणको उपचार सेवा प्रभावित भएको छ । उपचारका लागि प्रतिष्ठान आउने बिरामी घर फर्किन बाध्य भएको प्रतिष्ठान उपचार गर्न आएका धरान हरिबहादुर परियारले गुनासो गरे । यस विषयमा प्रतिष्ठानका उपकुलपति डा. गिरी र रजिष्ट्रार डा. रेग्मीसँग पटकपटक सम्पर्क गर्न खोज्दा दुबैजनाले फोन उठाएनन् । प्रतिष्ठानका प्रवक्ता डा. निदेश सापकोटाले पनि सिनेट बैठकमा भाग लिन चिकित्सक काठमाडौँ गएको तर यस विषयमा रजिष्ट्रार रेग्मीसँग सबै कुरा बुझ्न आग्रह गरे ।

# फेरि बन्द हुन थाले उद्योग



झापा (प्रस) । नेपालमा कोरोना भाइरस (कोभिड-१९) समुदायस्तरमा फैलिन सुरु भएसँगै उद्योग तथा कलकारखाना बन्द हुने क्रम बढेको छ । साउन ६ गतेदेखि लकडाउन केही खुकुलो भएपछि उद्योग व्यवसायमा रातोबाट पहेँलो बत्तीको संकेत देखिए पनि पुनः समुदायस्तरमा कोरोना संक्रमित बढ्न थालेपछि उद्योगहरू बन्द हुन थालेका हुन् ।

समुदायस्तरमा कोरोना बढेसँगै विराटनगर, वीरगन्ज, मकवानपुर तथा भैरहवामा सञ्चालित उद्योगहरू बन्द हुँदै गएका छन् । वीरगन्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष सुवोध गुप्ताका अनुसार साना मझौला गरी करिब १२ सय उद्योगमध्ये बारा पर्सामा मुस्किलले २५ प्रतिशत मात्रै त्यो पनि न्यूनतम क्षमतामा सञ्चालनमा छन् । यी उद्योग पनि बन्द हुने अवस्थामा छन् । दैनिक अत्यावश्यक सामग्री, औषधिका उद्योग खुले पनि समुदायस्तरमा कोरोना फैलिएकाले सुरक्षा प्रवन्ध मिलाउन निकै मुस्किल भएको उनको भनाइ छ । 'समुदाय सुरक्षित हुन नसक्दा उद्योग कसरी सुरक्षित हुन सक्छ ?' उनले प्रश्न गरे । सरकारले उद्योगलाई बचाउन चाहान्छ र अर्थतन्त्रमा योगदान खोज्छ भने हरेक उद्योगमा ५ जनाको पीसीआर गर्ने ती श्रमिकको पोजेटिभ देखिएमा सबैको परीक्षण गर्ने यदि नदेखिएमा उद्योगलाई ग्रिन जोनमा राख्नुपर्छ ।

नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष पशुपति मुरारकाले पनि समुदायस्तरमा कोरोना फैलिएपछि उद्योग चलाउन निकै त्रास भएको बताए । स्वास्थ्य प्रोटोकल पूर्णरूपमा पालना गरेर, उद्योगमै श्रमिकलाई राखेर पनि अत्यावश्यक उद्योग चलेका छन् । तर त्रासले गर्दा श्रमिक काममा जान चाहेका छैनन् भने व्यवस्थापनले पनि जोखिम लिन चाहेको छैन । कोरोना बढ्दै जाँदा त्यसको प्रत्यक्ष असर उद्योगमा देखिएको छ। 'उद्योग बन्द गर्नु मात्रै विकल्प होइन त्यसैले स्वास्थ्य प्रोटोकल अपनाएर काम गर्ने र जुन उद्योगमा संक्रमण देखा पर्छ त्यसलाई मात्रै सिल गर्नेगरी जानुपर्छ सबैलाइ एउटै बास्केटमा राख्न हुन्न' उनी भन्छन् ।

अत्यावश्यक उद्योगमा पनि केही औषधि र फलामजन्य निर्माण सामग्री उत्पादन गर्ने उद्योगका मजदुरमा कोरोना देखिएपछि उद्योग व्यवस्थापन पक्षमा डर बढेको छ । उद्योग बन्द हुँदा मजदुर सबैभन्दा बढी प्रभावित भएका छन् । लकडाउनका कारण प्रभावित १७.७ प्रतिशत उद्यमी-व्यवसायी आफ्नो व्यवसायलाई पुनः निरन्तरता दिन नसक्ने अवस्था सिर्जना भएको राष्ट्र बैंकको प्रतिवेदनले उल्लेख गरेको छ । बैंकले गरेको अध्ययन अनुसार ८२.३ प्रतिशत व्यवसायीले मात्रै आफ्नो व्यवसायलाई निरन्तरता दिन सक्ने देखिएका छन् । कोरोनाले अर्थतन्त्रमा पारेको प्रभावको अध्ययन गरेको राष्ट्र बैंकले ८२.३ प्रतिशत व्यवसायीले बन्दाबन्दीपछि पनि आफ्नो पुरानै व्यवसायलाई निरन्तरता दिन सक्ने र केहीले बन्द गर्न चाहेको उल्लेख गरेको छ । समुदायस्तरमा उद्योगी व्यवसायीहरूले राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख भएभन्दा अवस्था खतरातर्फ मोडिएको बताएका छन् ।

राष्ट्र बैंकले ५२ जिल्लाका ६ सय ७४ उद्योगी व्यवसायीको सहभागितामा उक्त अध्ययन गरेको थियो । अध्ययन गर्दा थोक तथा खुद्रा व्यापारबाट २८.२ प्रतिशत, उत्पादनमूलक व्यवसायबाट १८.२ प्रतिशत र होटेल तथा रेष्टुरेन्टबाट १६.५ प्रतिशत नमूना लिएर अध्ययन गरेको थियो । त्यस्तै ३ वर्षभन्दा कम अवधिमा सञ्चालनमा रहेका नवप्रवर्तक उद्यमी-व्यवसायीहरूको सहभागिता २३.७ प्रतिशत, ठूलो उद्योगतर्फका ४.३ प्रतिशत र लघु घरेलु तथा साना उद्यमका ४२.७ प्रतिशत सहभागिता रहेको राष्ट्र बैंकले जानकारी दिएको छ ।

राष्ट्र बैंकले सर्वेक्षण विधिबाट गरेको उक्त अध्ययनमा बन्दाबन्दीको समयमा ४ प्रतिशत व्यवसाय मात्रै पूर्णरूपमा सञ्चालन रहेको पाइएको छ । त्यस्तै ६१ प्रतिशत पूर्णरूपमा बन्द र २५ प्रतिशत उद्योग-व्यवसाय आंशिक रूपमा सञ्चालनमा रहेको पाइएको प्रतिवेदनमा छ ।

**विदेशबाट कामदार ल्याउन खुला**

स्वदेशी उद्योगहरूले आवश्यकताका आधारमा प्राविधिक जनशक्ति विदेशबाट ल्याउन पाउने भएका छन् । सोमबार सूचना जारी गर्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आवश्यकताका आधारमा उद्योगहरूले प्राविधिक जनशक्ति विदेशबाट पनि ल्याउन पाउने गरिदिएको हो । उद्योगहरूको मेशिनरी मर्मत संभार, स्तरोन्नति र प्रविधि जडान सम्बन्ध कार्य गर्न नेपाली प्राविधिक उपलब्ध नहुने भएमा त्यस्ता अत्यावश्यक प्राविधिक जनशक्ति विदेशबाट ल्याउन पाउनेगरी मन्त्रालयले सहजीकरण गर्ने जनाएको छ । उद्योगीहरूको मागकै आधारमा स्वदेशी उद्योगहरूमा आवश्यक प्राविधिकको अभाव रहेको र त्यसको परिपूर्ति हुन नसकेको अवस्थामा मात्र प्रक्रिया पुऱ्याएर विदेशबाट प्राविधिक जनशक्ति ल्याउन पाइनेगरी व्यवस्था गरेको मन्त्रालयले जनाएको छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
( प्रशासन तथा प्रेस शाखा )

## सूचना

मिति: २०७७ /०४/२६

**विषय : सेवा प्रवाहमा कोटा निर्धारण गरिएको ।**

प्रस्तुत विषयमा छापाखाना र प्रकाशन नियमावली २०४९ को नियम ९ १० र ११ बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र जारी तथा नवीकरण कार्यको लागि प्रेस प्रतिनि (प्रमाणपत्र तथा परिचयपत्र वितराण) कार्यविधि, २०७१ को दफा ३३ बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र जारी तथा नवीकरण गर्ने प्रयोजन समेतको लागि प्रत्येक सञ्चारगृहले यस विभागमा अनलाइन सेवा मार्फत २०७७ असार मसान्तभित्र बुझाएको श्रमजीवी पत्रकार तथा व्यवस्थापकको दरबन्दी विवरण बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र जारी तथा नवीकरणको कार्य र अनलाईन सञ्चारमाध्यम सञ्चालन निर्देशिका , २०७३ को दफा २ र ६ बमोजिम गरिने दर्ता र नवीकरणको कार्य २०७७ साल साउन १ गतेदेखि निरन्तर भइरहेकोमा पछिल्लो समय काठमान्डौ उपत्यकामा देखिएको कोभिड १९ को बढ्दो संक्रमणको कारण विभागमा हुने सेवाग्राहीको भीडभाडलाई व्यवस्थापन गर्दै सेवाग्राही र कर्मचारीमा हुन सक्ने सम्भावित संक्रमणको जोखिमलाई न्यून गर्दै मिति २०७७ /०४/२७ गते मंगलबारदेखि लागू हुनेगरी सेवा प्रवाह जारी राख्नका निमित्त तपसिल बमोजिमको विधि र कोटा निर्धारण गरी सेवा प्रवाह गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. विधि: सेवा लिने सेवाग्राहीले प्रत्येक दिन कार्यालय समय बिहान १० बजेदेखि ११ बजेसम्म फोन नम्बर ०१ -४११२७१७ मा अनिवार्य सम्पर्क गरी श्रमजीवी पत्रकारको नाम, काम र सम्बन्धित सञ्चारमाध्यमको नाम टिपाउनु पर्ने र फोन सम्पर्क नगरी आउने सेवाग्राहीलाई सेवा प्रवाह नहुने ।

२. दैनिक कोटा :

| क्र.सं. | सेवा | नयाँ जारी /दर्ता | नवीकरण |
|---|---|---|---|
| १ | अनलाईन सञ्चारमाध्यम | २ | १० |
| २ | प्रेस प्रतिनिधि प्रमाणपत्र / परिचयपत्र | १० | २० |
| ३ | स्वतन्त्र पत्रकारको | १ | २ |
| ४ | अध्यक्ष, प्रकाशक, प्रबन्ध निर्देशक | ५ | - |
| ५ | विदेशी सञ्चारमाध्यममा कार्यरत पत्रकारलाई प्रेस प्रतिनिधि प्रमाण पत्र जारी | १ | १ |
| ६ | विदेशी पत्रकारलाई भिसा सिफारिस | १ | १ |

वसन्त बहादुर खत्री
शाखा अधिकृत

बोधार्थ:
श्री सञ्चार तथा सुचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमान्डौ ।
श्री नेपाल पत्रकार महासंघ , केन्द्रीय कार्यालय , सञ्चारग्राम ।
श्री न्यूनतम पारिश्रमिक निर्धारण समिति , सञ्चारग्राम ।
श्री सम्पादकज्यू, सबै सञ्चारमाध्यम ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य
छपाई सम्बन्धी सम्पुर्ण
काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिथोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट
घरको झ्याल
तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

आवश्यकता
सेक्युरीटी गार्ड :
४० जना(महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ्ग गराइन्छ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि. बितामोड, भद्रपुर रोड
फोन: ०२३-५४३००३, ५४६६१४
९८०१४१६८४०, ९८०१४१६८४१,
९८५२६७३९५५

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम
(UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस् ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईंकोमा
प्रतिदिन
आएन ?
नआएमा
सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१६०८८९५९

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

## राशिफल

**मेष** : रचनात्मक काममा जुट्ने समय छ तर, परिस्थितिले सोचेभन्दा फरक मोडलिन सक्छ ।
**वृष** : समयमा वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्,आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ ।
**मिथुन** : सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर जुट्नेछ । नयाँ कामको प्रस्ताव प्राप्त हुनेछ ।
**कर्कट** : सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।
**सिंह** : आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।
**कन्या** : पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ । ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन्
**तुला** : पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्ला। सोचेको उपलब्धि प्राप्त नहुन सक्छ ।
**वृश्चिक** : स्वास्थ्य कमजोर रहनाले चिताएको काम पूरा गर्न नसकिएला। न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति
**धनु** : घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ । विचार नमिल्नाले आफन्तसँग मतभेद हुन सक्छ ।
**मकर** : सानातिना काममै अल्झनुपर्नेछ । अस्वस्थताले लक्ष्यमा पुग्न नसकिएला ।
**कुम्भ** : नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला ।अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ ।
**मीन** : हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ ।